कार्यकारी समितिको (मिति २०७३।१०।२८ गते ) ४६ औं बैठकका निर्णयहरु

निर्णय न. १ निर्देशक समितिबाट पुनर्निर्माण कोष सम्बन्धमा निम्न बमोजिमको निर्णय गर्न अनुरोध गर्ने ।

क) पुनर्निर्माण कोष संचालन गर्न मुख्य सचिवको अध्यक्षतामा अर्थ मन्त्रालयका सचिव, महालेखा नियन्त्रक, कानून मन्त्रालयका सचिव र प्राधिकरणका सचिव रहेको समिति गठन गरी एक हप्ता भित्र सो समितिवाट राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिलाई सुझाव दिने ।

ख) प्राप्त सुझावको आधारमा कार्यकारी समितिले आवश्यक निर्णय गरी कार्यान्वयनमा ल्याउने ।

निर्णय न. २ निर्देशक समितिबाट गुनासो सम्बोधनका लागि निम्न बमोजिमको निर्णय गर्न अनुरोध गर्ने ।

क) लाभग्राही सूचीमा समावेश हुन छुट भएको भनी प्राप्त गुनासोकर्ताहरुको सम्बन्धमा पुनः सर्वेक्षण गरी यकीन गर्न निर्देशन दिने ।

ख) उपरोक्त कार्यको लागि आवश्यक बजेटको व्यवस्था गर्न निर्देशन दिने ।

निर्णय न. ३ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट जोखिमयुक्त वस्तीको स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धमा विभिन्न विकल्पहरु सहितको प्रतिवेदन तयार भइरहेको बारे निर्देशक समितिलाई जानकारी गराउने ।

निर्णय न. ४ निर्देशक समितिबाट सम्पदा तथा धरोहरहरुको पुनर्निर्माण गर्ने सम्बन्धमा निम्न बमोजिमको निर्णय गर्न अनुरोध गर्ने ।

सम्पदा तथा धरोहरहरुको पुनर्निर्माण गर्न आवश्यक खरिद विधि सम्बन्धमा परिमार्जन र सुधारको लागि खरिद् कार्यविधिको संशोधन प्रस्ताव वा छुट्टै कार्यविधि तयार गरी स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्न निर्देशन दिने ।

निर्णय न. ५ निर्देशक समितिबाट आयोजना अवधि भरको लागि अस्थायी दरवन्दीमा राख्न सक्ने व्यवस्थाको सम्बन्धमा निम्न बमोजिमको निर्णय गर्न अनुरोध गर्ने ।

दातृ निकायसंग सम्झौता भएका आयोजना/कार्यक्रम संचालन गर्नका लागि आवश्यक जनशक्तिलाई कार्यकारी समितिले निर्णय गरी आयोजना अवधि भरको लागि अस्थायी दरवन्दीमा राख्न सक्ने व्यवस्थाको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्न सहमति दिने ।

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार काठमाडौं, २०७२

निर्णय न. ६ निर्देशक समितिबाट सांगठनिक संरचना निर्माणको लागि आवश्यक व्यवस्था तथा सेवा/समूह/उपसमूह हेरफेर सम्बन्धमा निम्न बमोजिमको निर्णय गर्न अनुरोध गर्ने ।

क) राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (आयोजना कार्यान्वयन ईकाइ समेत) को हाल रहेको केन्द्र तथा १४ जिल्लाको सांगठनिक संरचनामा हेरफेर र १७ जिल्लामा नयाँ सांगठनिक संरचना निर्माणको लागि आवश्यक व्यवस्था सहितको प्रतिवेदन तयार गरी निर्देशक समितिमा पेश गर्न स्वीकृति दिने ।

ख) हालको स्वीकृत दरवन्दी भित्र रहेर श्रेणी दरवन्दी संख्यामा फरक नपर्ने गरी संगठनको आवश्यकता बमोजिम सेवा/ समूह/उपसमूह हेरफेर गर्ने सम्मको अधिकार कार्यकारी समितिलाई प्रदान गर्ने ।

निर्णय न. ७ निर्देशक समितिबाट पुनर्निर्माण तथा पुनर्स्थापनाको कार्यमा खटिएका गा.वि.स. सचिव लगायत गाविसका अन्य कर्मचारीहरुलाई दैनिक खाजा भत्ता उपलब्ध गराउने सम्बन्धमा निम्न बमोजिमको निर्णय गर्न अनुरोध गर्ने ।

भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माण तथा पुनर्स्थापनाको कार्यमा खटिएका गा.वि.स. सचिव लगायत गाविसका अन्य कर्मचारीहरुलाई दैनिक खाजा भत्ता उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्ने व्यवस्था मिलाउन स्वीकृति दिने ।

# राष्ट्रिय पुनर्निर्माण पर्धिकरण

(निर्देशक समितिको नवौं बैठकका निर्णय कार्यान्वयन गर्ने कार्ययोजना)

| क्र. सं | क्रियाकलाप | लक्षित परिणाम | शुरु मिति | सम्पन्न मिति | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | **निर्णय नं. १** | | | | | | |
| १ | पुनर्निर्माण कोष संचालन गर्ने सम्बन्धमा प्राधिकरणले मुख्य सचिव लगायत सरोकारवाला मन्त्रालय एवं निकायहरुका पदाधिकारीहरुसंग छलफल गरी तत् सम्बन्धी कार्यविधिमा आवश्यक परिमार्जन गरी स्वीकृतीको लागि नेपाल सरकार (मन्त्रिपरिषद) समक्ष प्रस्ताव पेश गर्ने। | पुनर्निर्माण कोष कार्यविधि परिमार्जित मस्यौदा तयार हुने । | २०७३/११/०८ | २०७३ फाल्गुन मसान्त | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | प्र.म.तथा म.प. को कार्यालय, अर्थ मन्त्रालय, कानून मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय | |
| | **निर्णय नं. २** | | | | | | |
| २ | गुनासो सम्बोधनको क्रममा प्राधिकरणको केन्द्रीय गुनासो सुनुवाई समितिको सिफारिसमा कार्यकारी समितिले गैर लाभग्राहीको सूचीमा समावेश गरेका गुनासोहरुका सम्बन्धमा हाल स्थानीय स्तरमा कार्यरत जनशक्तिवाटै स्थलगत रुपले निरीक्षण गराई प्राविधिक पक्ष भिडान गरी कार्यवाही अघि बढाउन कार्यकारी समितिलाई निर्देशन दिने । | गैर लाभग्राहीको सूचीमा समावेश भएका गुनासोहरु सम्बन्धमा स्थलगत रुपले निरीक्षण भइ प्रतिवेदन प्राप्त हुने | २०७३/११/१५ | २०७३/१२/१५ | केन्द्रीय आयोजना कार्यान्वयन इकाई, शहरी विकास मन्त्रालय र केन्द्रीय आयोजना कार्यान्वयन इकाई, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | |
| | **निर्णय नं. ३** | | | | | | |
| ३ | सम्पदा तथा धरोहरहरुको पुनर्निर्माण गर्न आवश्यक खरिद विधि सम्बन्धमा परिमार्जन र सुधारको लागि खरिद् कार्यविधिको संशोधन प्रस्ताव वा छुट्टै कार्यविधि तयार गरी प्रकृया अघि बढाउन निर्देशन दिने । | कार्यकारी समितिबाट मिति २०७३/१०/१८ गते गठित कार्यटोलीको प्रतिवेदनका आधारमा थप कार्यवाही अघि बढाउने | | | | | |

सचिव

| क्र. सं | क्रियाकलाप | लक्षित परिणाम | शुरु मिति | सम्पन्न मिति | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | **निर्णय नं. ४** | | | | | | |
| ४ | पुननिर्माण तथा पुनर्स्थापना सम्बन्धित कार्यको लागि दातृ निकायसंग सम्झौता भएका आयोजना/ कार्यक्रममा अस्थायी दरवन्दीमा रहने कर्मचारीहरुलाई कार्यसम्पादन मूल्यांकन र आवश्यकताका आधारमा प्रत्येक वर्ष स्वत: नवीकरण गर्ने व्यवस्था मिलाउने। | तत् सम्बन्धी अधिकार प्राधिकरणको कार्यकारी समितिलाई प्रदान गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद समक्ष प्रस्ताव पेश भएको हुने | २०७३।११।०८ | २०७३।११।३० | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय | सम्बन्धित निकायहरुबाट सहमति प्राप्त हुनुपर्ने |
| | **निर्णय नं. ५** | | | | | | |
| ५ | क. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण(आयोजना कार्यान्वयन ईकाइहरु समेत)को हाल रहेको केन्द्र तथा १४ जिल्लाको सांगठनिक संरचनामा हेरफेर र १७ जिल्लामा नयाँ सांगठनिक संरचना निर्माणको लागि संक्षिप्त व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन तयार गर्न नियमानुसारको समिति गठन गर्ने । उक्त समितिले आयोजना कार्यन्वयन ईकाईहरु संग समन्वय गरी प्रतिवेदन तयार गर्ने । | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (आयोजना कार्यान्वयन ईकाइहरु समेतको) नयाँ सांगठनिक संरचना तयार हुने | २०७३।११।०८ | २०७३/११/३० | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरु | |
| | ख. हालको स्वीकृत दरवन्दी भित्र रहेर श्रेणी दरवन्दी संख्यामा फरक नपर्ने गरी संगठनको आवश्यकता बमोजिम सेवा/समूह/उपसमूह परिवर्तन गरी जनशक्ति व्यवस्थापन गर्ने अधिकार कार्यकारी समितिलाई प्रदान गर्ने । | संगठनको आवश्यकता बमोजिम सेवा/समूह/उप समूह परिवर्तन गरी जनशक्ति व्यवस्थापन हुने | निरन्तर | निरन्तर | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | सामान्य प्रशासन मन्त्रालय | |

प्र. सचिव

## कार्यकारी समितिको ४७ औं बैठक (मिति २०७३/११/०६) को निर्णयहरु ।

**निर्णय नं १**

निर्देशक समितिको नवौं बैठकबाट भएका निर्णय कार्यान्वयन गर्नका लागि संलग्न बमोजिमको कार्ययोजना स्वीकृत गर्ने ।

**निर्णय नं २**

स्वीकृत कार्ययोजनाको बुँदा नं १ अनुरुप पुनर्निर्माण कोष सञ्चालन कार्यविधिमा गरिनु पर्ने संशोधनको खाका तयार गर्न निम्नानुसारको कार्यटोलीलाई जिम्मेवारी दिने।

क) महाशाखा प्रमुख ,सामाजिक परिचालन तथा व्यवस्थापन महाशाखा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण – संयोजक

ख) महाशाखा प्रमुख, नीति योजना अनुगमन तथा विकास सहायता समन्वय महाशाखा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण- सदस्य

ग) प्रतिनिधि, अर्थ मन्त्रालय- सदस्य

घ) प्रतिनिधि, महालेखा नियन्त्रक कार्यालय- सदस्य

ङ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण- सदस्य

च) शाखा प्रमुख, कानुन तथा फैसला कार्यान्वयन शाखा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण- सदस्य

छ) लेखा अधिकृत, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण- सदस्य सचिव

कार्यटोलीले आवश्यक देखेमा अन्य व्यक्ति वा पदाधिकारीलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**निर्णय नं ३**

स्वीकृत कार्ययोजनाको बुँदा नं २ कार्यान्वयनको लागि फिल्ड सर्भेक्षण र फिल्ड भेरीफिकेशन कार्य हाल उपलब्ध सम्बन्धित गा.वि.स. वा नजिकको गा. वि. स. मा कार्यरत प्राविधिक जनशक्ति परिचालन गरी सम्पन्न गर्न शहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई जिम्मेवारी दिने साथै सामाजिक परिचालकहरु परिचालनको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई जिम्मेवारी दिने । जिल्ला समन्वय समितिको सचिवालयहरुले तत्सम्बन्धी कार्यको अनुगमन गरी साप्ताहिक रुपमा संक्षिप्त प्रतिवेदन पेश गर्ने ।

**निर्णय नं ४**

भूकम्प प्रभावित निजी आवास पुनर्निर्माणमा नेपाल राष्ट्र बैंकवाट जारी निर्देशिका/कार्यविधि बमोजिमको सहुलियतपूर्ण बैंक ऋण उपलब्ध नभएको भन्ने जनगुनासो व्यापक रहेको र आ. व. २०७३/७४ को बजेट वक्तव्यमा उल्लेख भए अनुसार भूकम्प पिडीतहरुकोआवास निर्माणका लागि सामूहिक जमानीमा दिने भनिएको निर्ब्याजी ऋणको व्यवस्था समेत कार्यान्वयनमा नआएकोले आगामी वर्षात अगावै अधिकांश आवास पुनर्निर्माण गर्ने अभियानमा गम्भीर असर पर्न

सचिव

सक्ने देखिएकोले सो व्यवस्थाहरु कार्यान्वयनको लागि नेपाल राष्ट्र बैंकलाई निर्देशन दिई आवश्यक प्रभावकारी कदम चालिदिन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।

**निर्णय नं ५**

भूकम्प प्रभावित १७ जिल्लाका भूकम्प पीडितहरुको सर्वेक्षणको कार्य अन्तिम चरणमा पुगेकाले ती जिल्लाहरुका लाभग्राहीहरुलाई सहज र सरल रुपबाट निजी आवास अनुदान रकम उपलब्ध गराउन जिल्ला तह बाट नै पृष्ठपोषण लिई बैंकहरुको Clustering गरी पेश गर्न र अनुदान वितरण सम्बन्धी कार्ययोजना तयार गरी अविलम्ब कार्यान्वयनमा ल्याउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन ईकाईलाई निर्देशन दिने ।

**निर्णय नं ६**

भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ र निजी आवास पुनर्निर्माण प्राविधिक निरीक्षण कार्यविधि, २०७३ लाई परिमार्जन गर्न बस्ती विकास आवास तथा स्थानीय पुर्वाधार महाशाखा प्रमुख श्री द्वारिका श्रेष्ठको संयोजकत्वमा कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख-सदस्य र आवास शाखा प्रमुख-सदस्य रहेको कार्यटोली गठन गरी आवश्यक प्रतिवेदन १० दिनभित्र पेश गर्न निर्देशन दिने ।

**निर्णय नं ७**

भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माण तथा पुनर्स्थापनाको कार्यमा खटिएका गा.वि.स सचिव लगायत गा.वि.स.का अन्य कर्मचारीहरुलाई दैनिक खाजा खर्च वापत रकम उपलब्ध गराउने सम्बन्धमा निर्देशक समितिको ९ औं बैठकमा छलफल भएबमोजिम हाजिर भएको दिनको रु. १००।- का दरले खाजा भत्ता उपलब्ध गराउने सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिई नेपाल सरकार (म.प.) समक्ष प्रस्ताव पेश गरिदिन श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई अनुरोध गर्ने ।

**निर्णय नं ८**

हालको स्वीकृत दरवन्दी भित्र रही श्रेणी दरबन्दी संख्यामा फरक नपर्ने गरी सेवा/ समूह/ उपसमूह परिवर्तन गरी जनशक्ति व्यवस्थापन गर्न सक्ने अधिकार निर्देशक समितिबाट प्राप्त भएकाले प्राधिकरणमा रिक्त प्राविधिक दरवन्दी मध्ये ईन्जिनियरिङ्ग सेवा सिभिल ईन्जिनियरिङ्ग तर्फ रिक्त ईन्जिनियर, सि.डि.ई. एवं सहसचिव (सु.ई) पदहरुमा कम्तीमा सिभिल ईन्जिनियरिङ्गमा स्नातक उपाधि हासिल गरेको कुनै पनि उपसमूहको कर्मचारीलाई खटाईदिने व्यवस्था मिलाउन सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

सचिव

## कार्यकारी समितिको (मिति २०७३।११।१० गते सम्पन्न) ४८ औं बैठकका निर्णयहरु

**निर्णय न.१**

गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि २०७२, दफा (९) बमोजिम सिफारिस भई आएको देहाय बमोजिमका पुनर्निर्माण र जिवीकोपार्जनसंग सम्बन्धित परियोजनाहरु सम्बन्धित निकायले तोकेको मापदण्ड भित्र रही संचालन गर्न स्वीकृत दिने ।

| क्र. सं. | संस्थाको नाम | आयोजना कार्यान्वयन स्थान | परियोजनाको प्रकृति | बजेट | परियोजना अवधि |
|---|---|---|---|---|---|
| १ | हिमालयन एड | सम्पदा मा.वि. जेठल- ५, नयाँवस्ती, सिन्धुपाल्चोक | विद्यालय भवन पुनर्निर्माण | ३०३५०००० | डिसेम्बर २०१८ |
| २ | Nepal Youth Foundation | महालक्ष्मी नगरपालिका – १, लामाटार, ललितपुर | स्वास्थ्य चौकी भवन पुनर्निर्माण | ८००००० | साउन २०७४ |
| ३ | People in Need | गोरखा जिल्लाको केरौजा, वारपाक र मारपाक गाविस | जीवीकोपार्जन एवं खानेपानी तथा सरसफाई | ५०७१२८१६ | १ वर्ष |
| ४ | आशा नेपाल रियुनियन | श्री राम्चे प्रा.वि.खरिभञ्ज्याङ- १, थानापति, नुवाकोट | विद्यालय भवन पुनर्निर्माण | २५१०५९७ | भाद्र २०७४ |
| ५ | Kathmandu Valley Preservation Trust | पाटन दरवार क्षेत्रका ९ वटा मन्दिर र काठमाडौं दरवार क्षेत्रका ४ वटा मन्दिर | मन्दिर पुनर्निर्माण | २१०९८२५०० | २०२० |
| जम्मा | | | | २९५३५५९१३ | |

हिमालयन एडको हकमा सन् २०१८ को जुलाई भित्र कार्य सम्पन्न गर्ने गरी परिमार्जित कार्यतालिका बनाई कार्य गर्नुपर्ने शर्त थप गर्ने ।

**निर्णय न. २**

योजना महाशाखा बाट तयार परिएको आर्थिक वर्ष २०७४/०७५ को वजेट सिलिङ्ग निर्धारण सम्बन्धी खाका कार्यकारी समितिलाई जानकारी भयो । सो सिलिङ्गमा बहुवर्षीय योजनाहरुलाई बजेट सुनिश्चित हुने, प्राधिकरण अन्तर्गत आवश्यक पर्ने परामर्श सेवा, एकिकृत बस्ती विकास,सम्पदा संरक्षण लगाएतका कार्यहरुलाई आवश्यक बजेट विनियोजन हुने गरी एवं अन्य सरोकारवाला मन्त्रालयहरुको कार्यक्रमहरु समेतलाई मध्य नजर गर्दै परिमार्जन गरी सिलिङ्ग पठाउने ।

**निर्णय न. ३ विविध**

क) सिंहदरवारको पश्चिमी मोहडा तर्फको भागलाई संरक्षण / प्रवलीकरण गर्ने गरी कार्यकारी समितिका सदस्य डा. श्री हरिराम पराजुलीको संयोजकत्वमा कार्यकारी समितिको ४५ औ बैठकबाट गठित कार्यान्वयन उपसमिति लाई सोही मोडालिटीमा सिंहदरबार परिसरमा रहेको ग्यालरी बैठकको पुनर्निर्माण समेतको कार्य गर्ने जिम्मेवारी दिने ।

ख) भूकम्पबाट प्रभावित व्यक्तिहरु मध्ये अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका र विपन्न परिवारलाई दिइने थप सहुलियत संलग्न सूची बमोजिम प्राथमिकिकरण गरी प्रदान गर्न स्वीकृति दिने ।

ग) भूकम्प पछिको पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी काममा व्यक्तिगत तवरबाट उल्लेखनीय योगदान गर्नु हुने हास्य कलाकार सीताराम कट्टेल र कुन्जना घिमिरे (धुर्मुस-सुन्तली) लाई एकीकृत वस्ती विकास सम्बन्धी काममा थप जागरण/ प्रोत्साहित गर्न एकिकृत बस्ती निर्माण/ विकास सम्बन्धी सदभावना दूत बनाउने ।

घ) निजी आवास अनुदानको हकमा २०७३ पौष मसान्तसम्म पहिलो किस्ता लिएका लाभग्राहीहरुले २०७३ साल चैत्र १५ सम्म दोस्रो किस्ताको लागि तोकिएको मापदण्ड अनुसार रीतपूर्वकको आवेदन दिइसक्न सूचना जारी गर्ने ।

## भूकम्पबाट प्रभावित व्यक्तिहरुको लागि थप सहुलियत दिन निर्धारण गरिएको विधि

(१) **एकल महिला भन्नाले** आर्थिक दृष्टिले विपन्न देहायका महिला भन्ने संझनु पर्छ ।

(क) सम्बन्ध विच्छेद गरेकी महिला,

(ख) विधवा,

(ग) ३५ बर्ष उमेर पुरा गरेकी अविवाहिता महिला,

(घ) ५ बर्षभन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला,

(ङ) अंशबण्डा गरी मानो छुट्टिई पतिसंग अलग बसेकी महिला ।

सुविधा उपलब्ध गराउने प्रयोजनका लागि प्राथमिकीकरण गर्नु पर्दा ६० वर्ष उमेर पुरा गरेकी बिधवा वा एकल रोगी वा अपाङ्गता भएकी महिला, विपद्मा आफन्त सबै गुमाएकी महिला, हेरचाह गर्ने कोही नभएकी विपन्न वा गरीब समुदायकी महिला, जुनसुकै उमेरकी विधवा एकल महिला, ५ वर्षदेखि पति बेपत्ता भएकी महिला अंशबण्डा गरी बसेकी ३५ वर्ष माथिको उमेर की महिला, सम्बन्ध विच्छेद गरी बसेकी महिला र ३५ वर्ष उमेर पूरा गरेकी अविवाहिता महिला ।

(२) **जेष्ठ नागरिक भन्नाले**

६० वर्ष उमेर पूरा गरेका वा सो भन्दा माथिको उमेरका पुरुष वा महिला नेपाली नागरिक संझनु पर्छ । सुविधा उपलब्ध गराउने पयोजनका लागि प्राथमिकीकरण गर्नु पर्दा रोगी, अपाङ्गता भएको, अशक्त, परिवारका अन्य सदस्य नभएको वा विदेशमा भएको, एकल रुपमा रहेकाविधवा वा विदुर, विपन्न वा गरिब, सम्बन्ध विच्छेद गरेकी ६० वर्षभन्दा माथिको उमेरकी महिला ।

(३) **बालबालिका भन्नाले** १६ वर्ष उमेर नपुगेका बालक वा १६ वर्ष मुनिका बालबालिकालाई संझनु पर्छ ।

सुविधा उपलब्ध गराउने प्रयोजनका लागि अभिभावक वा कानून बमोजिमको संरक्षक नभएको वा अभिभावक गुमाएको बालबालिका, अभिभावक फरक क्षमता वा कुनै किसिमको शारीरिक वा मानसिक अपाङ्गता भएको बालक, आफ्नो अभिभावक जेष्ठ नागरिक वा एकल महिला वा विपन्न परिवारको रहेको बालकलाई प्राथमिकीकरण गर्ने ।

(४) **विपन्न भन्नाले** जातीगत वा सामुहिक सामाजिक आर्थिक सम्बन्धका कारणबाट विपन्न र दैनिक औषतमा १ डलरभन्दा कम आम्दानी गर्ने परिवारलाई सम्झनु पर्छ र सो शव्दले भुकम्प पछिको पुनर्निर्माण र पुनर्स्थापनाको लागि आर्थिक पुनर्स्थापनाका कार्यक्रममा प्राथमिकीकरण गर्नु पर्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सूचिकृत गरेका जातीगत वा क्षेत्रगत आधारमा पिछडिएको समुदायका विपन्नलाई प्राथमिकीकरण गरी कार्यक्रम लागू गर्ने ।

(५) **गरिब भन्नाले** नेपाल सरकारले निश्चित मापदण्डका अन्तर्गत समय समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनी रहेका शिक्षा स्वास्थ्य जस्ता मानव विकासका सूचकहरुका आधारमा पिछडिएको र निश्चित लिङ्गगत तथा सामाजिक समूहका आधारमा राष्ट्रिय विकास प्रकृयामा समावेश हुन नसकेका व्यक्ति संझनु पर्छ । यस्ता समूहमा विपन्न समुदायका सबैलाई समेट्नु पर्छ र सहुलियत दिने प्रयोजनका लागि सोही अनुसार प्राथमिकता दिने ।

(६) **अपाङ्गता** भएको व्यक्ति भन्नाले कुनै पनि अपाङ्गताको परिचयपत्र प्राप्त व्यक्तिलाई बुझाउँछ र सुविधा दिने प्रयोजनको लागि पचियपत्रमा खुलाइएको अपाङ्गताको गम्भीरतालाई आधार मानी प्राथमिकीकरण गर्नु पर्नेछ ।

बैठक नं. ४८

## मिति २०७३।११।१५ का कार्यकारी समितिको बैठकका निर्णयहरु

**निर्णय नं.१**

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निमाण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची-१ को बुँदा नं. १२ बमोजिम सार्वजनिक, सरकारी र वन क्षेत्रका जग्गा बाहेक बिभिन्न किसिमका गुठी, विर्ता, गुठी अधिनस्थ जग्गा, मोही लागेको जग्गा, स्वबासी, बेनिसा, गाउँ ब्लक, कोदाली, आँकडा, बिटौरी, उखडा समेतका जग्गामा बसोबास भई घर क्षति भएका घरधनीहरुसँग हुने लाभग्राही सम्झौता बमोजिम बनाइएका घरहरुको दोस्रो किस्ता भूक्तानी गर्न घरहरुको नक्शा र जग्गाधनी दर्ता प्रमाण पूर्जा आवश्यक हुने हुँदा त्यस्ता घरहरुको नक्शा र जग्गाधनी दर्ता प्रमाण पूर्जाको अभावमा दोश्रो किस्ता भुक्तानी गर्न कठिनाई पर्ने भएकोले ती घरहरु अभिलेखीकरण गरी अभिलेखीकरणका आधारमा किस्ता भुक्तानी दिने प्रकृया तय गर्न आवश्यक भएकोले सो सम्बन्धी कार्यविधि मस्यौदा गर्न कार्यकारी समितिका सदस्य श्री ध्रुव प्रसाद शर्माको संयोजकत्वमा सम्पदा संरक्षण, सार्वजनिक भवन तथा पूर्वाधार महाशाखाका महाशाखा प्रमुख, केन्द्रीय आयोजना कार्यान्वयन इकाई, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र शहरी विकास मन्त्रालय, भूमी सुधार तथा व्यवस्था मन्त्रालय, उपसचिव (कानून) राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, उपसचिव शिवराम गेलाल र प्रमुख नापी अधिकृत कमल घिमिरे सदस्य सचिव रहेको कार्यदल गठन गर्ने र कार्यदलले सम्बद्ध निकायसँगको समन्वय र सम्पर्कमा रही कार्यविधि मस्यौदा गर्ने । कार्यविधि मस्यौदा प्रस्ताव गर्न । समितिले आफ्नो कार्य सम्पादन गर्दा आवश्यकता बमोजिम सम्बन्धित क्षेत्रका विज्ञलाई आफ्नो काममा सहयोग गर्न आमन्त्रण गर्न सक्नेछ ।

**निर्णय नं.२**

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निमाण अनुदान बितरण कार्यविधि, २०७३ को दफा ४ को उपदफा (४) बमोजिम भूकम्प प्रतिरोधी निजी आबासहरुको डिजाइन तथा निर्माण सम्बन्धी मापदण्ड तर्जुमा गर्नका लागि तत्काल प्रचलित कार्यविधिको दफा ४ को व्यवस्था अनुसार कार्यकारी समितिका सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठको संयोजकत्वमा मिति २०७३।०३।१६ मा गठित समितिको सट्टा कार्यकारी समितिका सदस्य डा. श्री हरिराम पराजुलीको संयोजकत्वमा देहाय बमोजिमको भूकम्प प्रतिरोधी निजी आवास मापदण्ड निर्धारण समिति गठन गर्ने र देहायको कार्यविवरण दिने निर्णय गरियो ।

| | |
|---|---|
| क) संयोजक | डा. हरिराम पराजुली, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण |
| ख) सदस्य प्रतिनिधि | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ग) सदस्य प्रतिनिधि | शहरी विकास मन्त्रालय |
| घ) सदस्य प्रतिनिधि | भवन विभाग |
| ङ) सदस्य प्रतिनिधि | ईन्जिनियरिङ्ग अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय |

२) समितिले मापदण्ड तयार गर्दा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

३) समितिको बैठक संयोजकले तोकेको स्थान र समयमा बस्न सक्नेछ ।

४) समितिको अन्य कार्यविधि समिति स्वंयले निर्धारण गर्नेछ ।

समितिको काम र कर्तव्य :

१) निजी आवास पुनर्निर्माणका डिजाइन र निर्माण मापदण्ड तयार गर्ने,

२) निजी आवास, पुरातात्विक सम्पदा, सार्वजनिक र गैरसरकारी भवनको प्रबलीकरण तथा सबलीकरण मापदण्ड तयार गर्ने र नयाँ निर्माण गर्ने सार्वजनिक भवनहरुको प्रचलित भवन संहिता (Building Code of Nepal) समेतका आधारमा विपद् पश्चात्को परिस्थितिको अध्ययनको आधारमा परिमार्जन गर्नुपर्ने निर्माण मापदण्ड सम्बन्धी प्राविधिक विषयहरु सिफारिश गर्ने ।

निर्णय नं. ३ :

स्वास्थ्य मन्त्रालयबाट भूकम्प प्रभावित भएका स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण सम्बन्धी कार्यको लागि मन्त्रालयस्तरमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई गठन गर्ने र सो इकाईको लागि आवश्यक मानवीय र अन्य श्रोत व्यवस्थापनाका लागि भएको मागको सम्बन्धमा यस अघि आयोजना समन्वय इकाईको लागि दिइएको सहमति ..नतलाई विचार गरी शहरी विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालयसँग छलफल गरी टुङ्गो लगाउने।

निर्णय नं. ४ :

निजी आवास पुनर्निर्माण सम्बन्धी काममा प्राविधिक सहयोग पुऱ्याउन खटिएका स्वंयसेवक विद्यार्थीहरुले निर्माणाधीन घरहरुको निरिक्षण गर्दा अपनाउनु पर्ने आचार संहिता र उनीहरुले प्रयोग गर्ने संलग्न Mobile Application र सो प्रयोग गर्ने survey को प्रश्नावली स्वीकृत गर्ने ।

निर्णय नं. ५ :

भुकम्पबाट प्रभावित निजि आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ र पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७३ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को देहाय (७) बमोजिमको केन्द्रीय गुनासो समितिको संयोजक कार्यकारी समितिको २०७३ आषाढ २९ गतेको बैठकको निर्णयबाट कार्यकारी समितिका सदस्य डा. बिष्णु बहादुर भण्डारीलाई तोकिएकोमा कार्यक्षेत्रगत जिम्मेवारीमा गरिएको बाँडफाँड परिबर्तन समेतलाई ध्यानमा राखी उक्त समितिको संयोजकमा कार्यकारी समितिका सदस्य डा. श्री हरिराम पराजुलीलाई तोक्ने ।

## कार्यकारी समितिको ५०औं (२०७३।११।१८) बैठकका निर्णयहरु

१. पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ को परिच्छेद ३ मा रहेको परियोजना प्रस्ताव स्वीकृतिको प्रक्रियालाई छिटो छरितो बनाउने गरी संशोधन प्रस्ताव तयार गरी पेश गर्न नीति, योजना, अनुगमन तथा विकास सहायता समन्वय महाशाखालाई जिम्मेवारी दिने ।

२. रक्षा मन्त्रालयसँग समन्वय गरी सिन्धुली, ओखलढुङ्गा तथा रामेछाप जिल्लाहरुमा पहिले विद्यालय व्यवस्थापन समिति मार्फत निर्माण गरिने भनी तोकिएका २,३,४,६ र ८ कोठे क्रमश: ७ वटा, ७ वटा, ४ वटा, ४ वटा र ५ वटा विद्यालय भवनहरु On The Job Training को माध्यमबाट नेपाली सेनाबाट निर्माण सम्पन्न गराउने गरी जिम्मा दिने ।

३. विविध

(क) भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण तथा प्रभावित व्यक्ति एवं समुदायहरुको पुनर्स्थापना कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को अधीनमा रही प्राधिकरणले गर्न सक्ने नीति निर्माण, योजना तर्जुमा, सर्वेक्षण, अध्ययन, डिजाइन, कार्यक्रमहरुको स्वीकृति तथा सञ्चालनका साथै उक्त प्रयोजनको लागि गरिने बजेट व्यवस्था, अनुदान वितरण, स्रोत साधनको परिचालन एवं जनशक्ति व्यवस्थापन तथा परिचालनका कार्यहरु निर्वाचन आचार संहिताबाट प्रभावित नहुने विशेष व्यवस्था गरिदिन श्री निर्वाचन आयोगलाई अनुरोध गर्ने ।

(ख) जिल्ला समन्वय समितिको बैठकमा दलित एवं महिला प्रतिनिधि समेतलाई आमन्त्रित गर्दा वहाँहरुको भावनाको समेत प्रतिनिधित्व हुन सक्ने देखिँदा सो अनुसार गर्न समितिलाई लेखि पठाउने।

(ग) जग्गा व्यवस्थापन तथा भौगर्भिक अध्ययन शाखाबाट प्रस्तुत भएको अहिले सम्म अध्ययन गरिएका जोखिमयुक्त बस्तीहरु र त्यसमा रहेका घरधुरीहरुको विवरण समितिलाई जानकारी भयो।

(घ) भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २८ अनुसार देहाय बमोजिमका क्षेत्रहरुमा हुने कार्यहरुको संयोजन गर्ने जिम्मेवारी तपशिल बमोजिम तोक्ने ।

तपशिल

| | |
|---|---|
| १. आवास, सम्पदा संरक्षण तथा गुनासो व्यवस्थापन | - डा. हरिराम पराजुली |
| २. सार्वजनिक भवन तथा पूर्वाधार | - डा. चन्द्र वहादुर श्रेष्ठ |
| ३. आर्थिक पुनर्स्थापना तथा तालिम | - डा. विष्णु वहादुर भण्डारी |
| ४. बस्ती विकास तथा नीति योजना | - ध्रुव प्रसाद शर्मा |